# इटहरी उपमहानगरपालिका
# स्थानीय राजपत्र

इटहरी उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३, संख्या १०, चैत्र ४ गते, २०७७ साल


## भाग-१

## इटहरी उपमहानगरपालिकाको सूचना

सभाबाट स्वीकृत मिति २०७७/१२/०३

## कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७७

**प्रस्तावना :-**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्थालाई समेत मध्यनजर गरी साविक स्थानीय निकायमा स्थायीरुपमा कार्यरत रही इटहरी उपमहानगरपालिकामा समायोजीत कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले इटहरी उपमहानगरपालिकाको आठौं नगरसभामा यो विधयेक प्रस्तुत गरिएको छ ।

परिच्छेद- १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो ऐनको नाम "कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७७" रहेको छ ।

(२) यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुने हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **“नगरपालिका”** भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **“कार्यालय”** भन्नाले उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय समेतलाई जनाउंदछ ।

(ग) **“प्रमुख”** भन्नाले इटहरी उपमहानगरपालिको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **“उपप्रमुख”** भन्नाले इटहरी उपमहानगरपालिको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ङ.) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ वमोजिम नियुक्त उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(च) **“स्थायी पद”** भन्नाले उपमहानगरपालिकाको नगरसभाद्वारा स्वीकृत दरवन्दीका पदलाई सम्झनु पर्दछ ।

(छ) **“प्रहरी”** भन्नाले इटहरी उपमहानगरपालिकाद्वारा नियुक्त नगर प्रहरी र बारुणयन्त्रका कर्मचारीलाई सम्झनुपर्दछ ।

(ज) **“कार्यपालिका”** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) **“नगर सभा”** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर सभालाई संझनु पर्दछ ।

(ञ) **“कर्मचारी”** भन्नाले साबिक स्थानिय निकाय (गा.बि.स.,न.पा. र जि.बि.स. )मा स्थाई नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ट) **“तोकिएको”** वा **“तोकिए वमोजिम”** भन्नाले उपमहानगरपालिकाको कार्यपालिकाले यस ऐन वमोजिम वनाएको नियमावलि, कार्यविधि, निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ ।

(ठ) **“तह तथा स्तरबृद्धि”** भन्नाले साबिक स्थानिय निकाय (गा.बि.स.,न.पा. र जि.बि.स.)मा स्थाई नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारी हरुको तह तथा स्तरबृद्धि सम्झनु पर्दछ ।

## परिच्छेद– २
## तह तथा स्तर वृद्धि सम्वन्धमा

**३. तह तथा स्तर बृद्धि सम्बन्धी बिशेष व्यवस्थाः-** (१) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तह तथा स्तरबृद्धि नपाएका साविक स्थानिय निकाय (गा.वि.स., न.पा. र जि.वि.स.) मा स्थायी नियुक्ति पाई इटहरी उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये श्रेणी विहिन कर्मचारीको हकमा तीन बर्ष सेवा अवधि र अन्य कर्मचारीको हकमा चार बर्ष सेवा अवधि पुरा गरेका, बिभागीय कारबाहिमा नपरेका र पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्यांकनमा कम्तीमा ८०% अंक प्राप्त गरेका स्थायी कर्मचारीहरुलाई ऐन जारी भए पछि एक पटकको लागि मात्र तह तथा स्तर बृद्धि सम्बन्धी बिशेष व्यवस्था गरी एक तह माथिको पदमा तह तथा स्तरबृद्धि गरिनेछ ।

(२) तह तथा स्तरबृद्धिको प्रक्रिया दफा (चार) बमोजिमको समितिले तत्काल अघि बढाउने छ ।

(३) तहबृद्धि तथा स्तरबृद्धिको लागि सेवा गणना गर्दा सो को लागि दरखास्त दिने अन्तिम दिन सम्मको अवधिलाई गणना गरिनेछ ।

(४) यस ऐन बमोजिम हुने तह तथा स्तरबृद्धिको लागि आवेदन फाराम भरी दर्ता गराउनका लागि सात दिनको म्याद दिई नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रकाशन गरिनेछ।

(५) उपदफा ४ बमोजिम प्राप्त हुन आएका आवेदकहरुको दरखास्त मध्येबाट मुल्यांकन गरी तीन दिनभित्र दफा ४ बमोजिमको समितिले तह तथा स्तरबृद्धिका लागि सिफारीस गर्नु पर्ने छ।

## परिच्छेद– ३
## तह तथा स्तर बृद्धि सम्बन्धि व्यवस्था

**४. तहबृद्धिका लागी समिति गठन सम्बन्धि व्यवस्था :-** (१) यस ऐन बमोजिम कर्मचारीको तहबृद्धि र स्तरबृद्धि गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

| | |
|---|---|
| क.प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तीमा नवौं तहको अधिकृत: | संयोजक |
| ख.प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना: | सदस्य |
| ग.प्रशासन शाखाको प्रमुख: | सदस्य सचिब |

**५. ज्येष्ठता निर्धारणको आधार :** तह वा स्तरवृद्धि भएको कर्मचारीहरुको जेष्ठता निर्धारण गर्दा तह वा स्तरबृदि भएको तह भन्दा अघिल्लो तहमा नियुक्ति वा वढुवा पाउदा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ।

**६. पदस्थापन सम्बन्धि ब्यबस्था:** यस ऐन बमोजिम तह तथा स्तरबृद्दि भएका कर्मचारीहरुको मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकिय अधिकृत बाट पदस्थापन गर्नुपर्ने छ।

**७. खारेजी र बचाउः** यस भन्दा अगाबै कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछ।

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत